# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका, गोरखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
शहिद लखन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्या: २०७८/७९ च.नं.: १४३ मिति:२०७८।०५।०४

श्री अध्यक्षज्यू,
शहिद लखन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.८ लाख ६८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ८४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ लाख ८४ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
**नायव महालेखापरीक्षक**

**परिचयः** स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थापना भएको हो । यो शहिद लखन गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १४९.०३ व.कि.मी. क्षेत्रफल, २७५५५ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

## वित्तिय प्रतिवेदन

## आ.ब २०७६/०७७ अवधि २०७६/४/1-०७७/३/३१

| विवरण | प्राप्तीभुक्तानी हिसाव | | | |
|---|---|---|---|---|
| | यसवर्ष रु. | | | |
| | बजेट | आफैलेगरेको प्राप्तिभुक्तानी/ | वस्तुगतसोझै/भुक्तानी | जम्मा |
| **प्राप्ती (ख+क)** | ५५२३४९२३५ | ४७१६६७३४३.४८ | | ४७१६६७३४३.४८ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५४३५४७१६८ | ४६३८६०१८२.४८ | | ४६३८६०१८२.४८ |
| ११००० कर | ८८५८८००० | ६६४००८८८.१० | | ६६४००८८८.१० |
| १३००० अनुदान | ४३५६०८००० | ३८६५७८१६६.५० | | ३८६५७८१६६.५० |
| संघीय सरकार | ३८५३४२००० | ३६३८७३१६६.५० | | ३६३८७३१६६.५० |
| प्रदेश सरकार | २७४०५००० | २२४०५००० | | २२४०५००० |
| १४००० अन्य राजस्व | १९३५११६८ | १०८८११२७.८८ | | १०८८११२७.८८ |
| **ख. अन्य प्राप्ति** | ८८०२०६७ | ७८०७१६१ | | ७८०७१६१ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरू | ८८०२०६७ | ७८०७१६१ | ० | ७८०७१६१ |
| धरौटी | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (घ+ग) | ५९६०४९२३५ | ३९३९५५४३३.६९ | | ३९३९५५४३३.६९ |
| **ग. भुक्तानी (सञ्चित कोषबाट)** | **५८७२४७१६८** | **३८८२०६०६४.७६** | | **३८८२०६०६४.७६** |
| २१००० पारिश्रमिक सुविधा / | २०६५७२६३० | १८८६९५५३९.१३ | | १८८६९५५३९.१३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ६१७७८४०० | ३९५७२९६१.९२ | | ३९५७२९६१.९२ |
| २५००० सहायता )Subsidy) | ८४८८१०० | ६३१२७५३ | | ६३१२७५३ |
| २६००० अनुदान | ५००००० | ५००००० | | ५००००० |
| २७००० सामाजिक सुरक्षा | ३५३२००० | २१४७१९५.२४ | | २१४७१९५.२४ |
| २८००० अन्य खर्च | २८००००० | १७६३०६७ | | १७६३०६७ |
| ३१००० गैर वित्तीय सम्पत्तिप/ुँजीगत खर्च | ३०३५७६०३८ | १४९२१४५४८.४७ | | १४९२१४५४८.४७ |
| **घ. अन्य भूक्तानी** | **८८०२०६७** | **५७४९३६८.९३** | | **५७४९३६८.९३** |
| कोषहरू | ८८०२२६७ | ६८९७१७२.१७ | | ६८९७१७२.१७ |
| धरौटी | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी दाखिला गर्न बाँकी | | (११४७८०३.२४) | | (११४७८०३.२४) |

| | | | | |
|---|---|---|---|---|
| ङ यो वर्षको बचत (न्युन) | (४३७०००००) | ७७७११९०९.७९ | | ७७७११९०९.७९ |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | ४०६३३३७३.४२ | ० | ४०६३३३७३.४२ |
| **वर्षान्तको बाकी रकम (च + ङ)** | (४३७०००००) | ११८३४५२८३.२१ | | ११८३४५२८३.२१ |
| **बैंक तथा नगद बाकी** | ३४५४७७२८३.२१ | | | ३४५४७७२८३.२१ |

**विनियोजन तर्फः**

| क्र.सं. | बजेट उपशीर्षक | वार्षिक बजेट | निकासा | खर्च | पेश्की |
|---|---|---|---|---|---|
| १. | ३५००००११४ सामाजिक विकास मन्त्रालय | २०००००० | २०००००० | २०००००० | - |
| २. | ३५००००११३ सामाजिक विकास मन्त्रालय | ५०००० | ० | ० | - |
| ३. | ३५००१०११३ शिक्षा विकास निर्देशनालय | ११००००० | ७७८८५४ | ७७८८५४ | |
| ४. | ३१४१०१२३ सामाजिक सुरक्षा कार्यक्रम | ११७४५६००० | ११७४५६००० | ११७४५६००० | |
| ५. | ३१४०१०११४ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | २०६००० | २०५६०३ | २०५६०३ | |
| ६. | ३४०००१०५३ राष्ट्रपति महिला उत्थान कार्यक्रम | १०००० | ० | ० | |
| ७. | ३१४०१०११३ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १३०२००० | ७१५००३ | ७१५००३ | |
| ८. | ३६५००१०४३ स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १००००००० | ९६११६३१.०५ | ९६११६३१.०५ | |
| ९. | ३०१०००११३ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ५००००० | ५००००० | ५००००० | |
| | जम्मा | १३२६२४००० | १३१२६७०९१.०५ | १३१२६७०९१.०५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **असुलीः** लेखापरीक्षणको क्रममा जम्मा रकम रु.१८१११९.५३ र प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रतिक्रियाबाट जम्मा रु.८२२१४०.४ असुल भई सम्वन्धित खातामा दाखिला भएको छ । | |
| १. | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्यप्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या, २०७४ अनुसार चालू र पुँजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शिर्षक र पुँजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एक रुपता र शुद्धता कायम गर्न महालेखानियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यसवाट प्राप्त वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) मा वैंक मौज्दात रु.११८३४५२८३.२१ देखिएको तर वास्तविक वैंकले देखाएको मौज्दात रु.३४५४७७२८३.२१ भएको भनि प्रमाणित विवरण पेश भएकोले यसवाट प्राप्त विवरणले यथार्थ वित्तिय प्रतिवेदन दिने अवस्था छैन ।<br>• वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) वाट प्राप्त विवरणमा २०७५।७६ को अन्तिम मौज्दात रु.४७११९११०.४२ रहेकोमा यस आ.व मा रु.४०६३३३७३.४२ अ.ल्या गरेको पाइएको सम्वन्धमा<br>➢ धरौटी रु.१५१२९७६.० अन्तिम मौज्दात रहेकोमा यस आ.व.मा शुत्रमा आम्दानी बाँधेको पाइएन साथै अन्य धरौटीको कारोबार समेत सुत्रमार्फत गरेको पाइएन ।<br>➢ विभाज्य कोष खाताको रु.१३१०४५०.० विभाज्य कोषमा नै रहेको बैक अ.ल्या गरेको पाइएन ।<br>➢ पालिकाले धरौटि खाता र विभाज्य कोषको रकम बाहेक रु.४४२९५६८४.४२ अ.ल्या गर्नु पर्नेमा रु.४०६३३३७३.४२ गरेको पाइयो जसमा रु.३६६२३१०.७ कम अ.ल्या गर्नु पर्नेमा आन्तरिक स्रोतमा आम्दानी बाँधेको पाइयो ।<br>• पालिकाको म.ले.प.फा.नं २७२ प्राप्ती भुक्तानी हिसावमा अन्य भुक्तानी अन्तर्गत कट्टी रकम भुक्तानी दाखिला गर्ने बाँकी मा रु.११४७८०३.२४ नेगेटिभ देखिएकोले सो हिसाव मिलान गर्नु पर्दछ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्ण वडा नं. १,४,५ र ९ मा हाल सम्म पनि सो प्रणाली प्रयोगमा अएको पाइएन । साथै वडाबाट संकलन गर्ने राजश्व एक शिर्षकमा जम्मा गर्नु पर्ने राजश्व अर्कै शिर्षकमा समेत संकलन गरेको पाइयो ।<br>• गाउँपालिकाले गाउँसभाबाट स्वीकृत दरमा राजश्व संकलनको नमूना परीक्षण गर्दा त्यसलाई व्यवस्थित बनाई नगद सोही दिन वा नियमको व्यवस्था बमोजिम बैंक दाखिला गर्नु पर्नेमा ढिला गरी बैंकमा दाखिला गरेको पाइयो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ-टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाईहरुमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धीमा मापदण्ड तोक्नु पर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीयतहले जग्गाको उपयोग सम्बन्धमा मापदण्ड बनाई लागू गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• उपभोक्ता समिति मार्फत गराईएको निर्माण कार्यको प्राविधिकद्धारा तयार गरिएको रनिङ विल, फाइनल विल र कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समितिले सहि छाप गर्नुपर्ने व्यवस्था रहेकोमा सो नगरिएकोले प्रत्येक विलमा उपभोक्ता समितिले सहि छाप गर्नुपर्ने।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवापत कट्टि रु.३७१९२२९.१४ गरेकोमा खर्च ३२५७४७५गरेको देखिन्छ ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआए को र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले आंशिक तलवी प्रतिवेदन पारित गरेको पाइयो । वर्षभरीमा पालिका भित्रका कर्मचारीहरुलाई रु.१५ करोड ३६ हजार तलबमा खर्च लेखेको पाईयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १७ ऐन, ४ नियमावली, २८ कार्यविधि, २ निर्देशिका र नर्म्स २ कार्यान्वयनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रकमान्तर गर्ने अधिकार कार्यपालिकालाई भएकोमा वडाले आफ्नो वजेट भित्रको कार्यक्रमको रकमान्तर गरी आफै खर्च गरि एकमुष्ट रुपमा कार्यपालिकावाट अनुमोदन भएको छ । वडावाट हुने रकमान्तर तथा कार्यक्रम संसोधनलाई नियन्त्रण गर्नुपर्दछ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माणकार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दावढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त विवरणराख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क)मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि. सम्मको सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुको भ्रमण अभिलेख खाता तयार गरेको पाईएतापनि भ्रमण खर्च नियमावली २०६४ को अनुसुची ६ एवं म.ले.प. फाराम ९०८ बमोजिमको ढाँचामा  भ्रमण अभिलेख खाता तयार गरेको पाईएन ।<br>• कर्मचारी संचयकोष, नागरिक लगानी कोष, पारिश्रमिक कर सावधिक जीवन बिमा आदि कट्टी गर्नुपर्ने रकम कट्टी गरी सम्बन्धित कोष वा खातामा बिलम्ब गरी जम्मा गरको पाइयो ।<br>• वडा संचालन खर्च बापत  प्रत्येक वडा कार्यालयलाई चौमासिक खर्चका लागि रु. १३०००० छुट्याइएको भएपनि कतिपय वडा कार्यालयले उक्त सिमा भन्दा बढी रकम समेत माग गरी भुक्तानी लगेको देखियो । साथै उक्त खर्चको बिल भरपाई पारदर्शी देखिन नआएको र पेश भएका विलहरु अधिकाशं खाजा, खाना तथा इन्धन खर्च आदि लेख्ने गरेको पाइयो ।<br>• यस कार्यालयले म.ले.प. फाराम नं बमोजिम आइटमवाईज कार्य अभिलेख खाता तयार गर्नुपर्नेमा त्यसो नगरेको पाईयो । त्यसैगरी ठेकेदारको व्यक्तिगत खाता मले.प. फाराम नं ५०६ तयार गर्नुपर्ने देखियो ।<br>• कार्यालयले प्रत्येक ठेकेदारको अलग अलग व्यक्तिगत धरौटी खाता म.ले.प. ६०१ बमोजिम तयार गर्नुपर्ने र उक्त  खातामा ठेकेदारको तीनपुस्ते  वतनको विवरण धरौटी खातामा राख्नुपर्ने र उक्त धरौटी खाता अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको हुनुपर्दछ ।<br>•  कार्यालयले प्रत्येक ठेक्का वा अन्य निर्माण कार्यका लागि र सो बमोजिमको नापी किताब नियन्त्रण अभिलेख  खाता तयार गरी राख्नुपर्नेमा  यस कार्यालयले नापी किताब नियन्त्रण खाता म.ले.प. फाराम नं. ५१२ बमोजिम राखेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **बैंक हिसाब मिलान नगरेको**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

निम्नानुसार फरक पर्न गएको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठूलो रकम खर्च गरेको कारण असार पछि रु.१२१९७६१५।१२ चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दातसँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

| खाताको नाम | श्रेष्ता अनुसार | वैंक स्टेट्मेन्ट अनुसार | फरक |
|---|---|---|---|
| ग.४.१ सञ्चित कोष खाता ०५८०००२६CA | १०५३९१२५।६० | ७८५७८६०।८ | २६८१२६४।८ |
| ग.२.१ चालू खर्च खाता ०५८०००२९CA | ११२४२६०३।८४ | ६७८३४३९१।४३ | (५६५९१७८७५९ |
| ग.२.३ पूँजीगत खर्च खाता ०५८०००२८CA | १९४२०५४७५४ | ४७९६०७६८।९२ | (२८५४०२२१।३८ |
| ग.१.३ आन्तरिक अनुदान खाता ०५८००५५७CA | २२३६९०००० | ० | २२३६९०००० |
| ग.३.१ धरौटी खाता ०५८०००२७CA | ४७५६९७३ | ४७५६९७३ | ० |
| ग.१.२ वाँडफाँडबाट प्राप्त राजश्व खाता ०५८००५३४CA | ३४४२००० | १२९४१८१५।९७ | (९४९९८१५।९७ |
| ग.७.२ स्थानीय प्रकोप व्यवस्थान ०५८००३६६CA | ९०९९८८।८३ | १८२२५ | ८९१७६३।८३ |
| ग.२.७ विविध खर्च खाता ०५८००५३८CA | ० | ० | ० |
| ग १।१ आन्तरिक राजश्व खाता ०५८००५३३CA | ० | १८८७२२६।८३ | १८८७२२६।८३ |
| जम्मा | २७४००१२३८।८१ | १४३२५७२६१।९५ | १३४५१८४३०।५२ |

४. **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागिता मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छनः

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ३१ | २९७६००० |
| २ | रु १ लाखदेखि ५ लाख सम्मका योजना | १४१ | ६३७३२००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३४ | २४१४०००० |
| ४ | रु १० लाख देखि ५० लाख सम्मा योजना | ६ | १७०००००० |
| ५ | ५० लाखभन्दा माथिका योजनाहरु | ३ | २८९००००० |
|  | जम्मा | २१५ | १३६७४८००० |

५. **सेवाप्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता ३७४० वटा, नाता प्रमाणित ६९७ वटा, घर बाटो सिफारिस ४४८ वटा, नागरिकता सिफारिस ६५२ वटा र अन्य ४५४१ वटा दर्ता तथा सिफारिस गरी सेवाप्रवाह गरेको देखियो।पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारस, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा छुट्टै अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन ।ऐन बमोजिम कानून वनाई सो को अभिलेख व्यवस्थित गर्नु पर्दछ।

६. **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले हाल

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्म आफ्नो क्षेत्र भित्रको घरहरुको घर नक्सालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सकेको पाइएन । अतः ऐनको पालना तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ । | |
| ७. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको १९ गरी कुल १९ विवाद दर्ता भएकोमा ११ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८. | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरे पछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ।नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.३० लाख खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नु पर्ने देखिन्छ। | |
| ९. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आाषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | अन्तरीक | १३९००५०८१.५ | ११०४९०४७ | २५०७६४११ | १०२८७९६२३.५ | ८१५४११४७.५२ |
| २ | सघिय सशर्त | १०३३२८६७ | ० | १६४००० | १०१६८८६७ | ६८१३१२४ |
| ३ | प्रदेश सशर्त | ५०००००० | ० | ० | ५०००००० | १५४७९९८.८८ |
| ४ | स्थानीय पुर्वाधार साझेदारी | ९६११६३१.०५ | ० | ० | ९६११६३१.०५ | ८७५७२२९.०५ |
| ५ | सामाजिक विकास मन्त्रालय | २०००००० | ० | ० | २०००००० | २०००००० |
| ६ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | २०५६०३ | ० | ० | २०५६०३ | २०५६०३ |
| ७ | शिक्षा विकास निर्देशनालय | ७७८८५४ | ० | ० | ७७८८५४ | ७७८८५४ |
| | खर्च रकम | १६६९३४०३६.५५ | ११०४९०४७ | २५२४०४११ | १३०६४४५७८.५५ | १०१६४३९५६.४५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५९९४६००० | २५७९८०११.१६ | ६.३४ |
| सामाजिक क्षेत्र | २१९४५२००० | १८५८२९७५२.११ | ४५.७३ |
| पूर्वाधार विकास क्षेत्र | १९७८९२१६८ | ८६८३९५१४.७५ | २१.३७ |
| वातावरण तथा विपद् व्यवस्थापन | ९५००००० | ९४००००० | २.३८ |
| संस्थागत विकास र सेवा प्रवाह | ९६१२००० | ७५८३२००.४५ | १.८६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९०८४५००० | ९०८४५००० | २२.३२ |
| **जम्मा** | **५८७२४७१६८** | **४०६२९५४७८.४७** | **१००** |

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा रु.८ करोड ६८ लाख वजेट विनियोजन भएकोमा वजेटको तुलनामा ४३.८८ प्रतिशत मात्र खर्च भएको छ । समग्र खर्चको तुलनामा २१.३७ प्रतिशत खर्च भएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

११. **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत-प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ ।पुर्व तयारी वेगर वजेट मात्र विनियोजन गरेको कारण यस्तो भएको देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा कम प्रगति हुनुमा कोरोना महामारी लगायतको कारण उल्लेख गरेको छ ।२ वटा योजनाको मात्र ५०% भन्दा कम प्रगती भएको पाइयो ।

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| ३ नं वडा कार्यालय भवन | ५३५०००० | १६३७४०२ | ३०.३० |
| बहुउदेश्य सभाहल | १०६००००० | ४९२३७१३ | ४६.४५ |

१२. **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.१०३७०५८२।६२ राजस्व बाँडफाँड र अनुदानबाट रु ३६८५६०००० समेत रु.३७८९३०५८२।६२ आम्दानी भएको छ गत बर्षको अ.ल्या.रु.४४२९५६८४।४२ र अन्य आम्दानी रु.१७७१८१६६।५० गरेकोमा चालु तर्फ रु.२३८९९१५१६।२९ र पूँजिगत तर्फ रु.१४९२१४५४८।४७ र समेत रु.३८८२०६०६४।७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.८६५५९७० खर्च भएको छ जुन आन्तरिक आयको ८३।४७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८४।२५ प्रतिशत चालु र ४९।१५ प्रतिशत मात्र पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१३. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रु.१५४३७७६० खर्च लेखेको छ ।

१४. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१९९९९९.४१ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले पहिरो, आगलागी, स्वास्थ्य उपचार आदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.७०००००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६. | **डिपिआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| अबुवा मनकामना सडक वडा नं १ | तारापुञ्ज इन्जिनियरिङ काठमाण्डौ | ५०००００ | ४९९५६३ | पेश नभएको |
| गैही चौतारा मास्की छाप सुकैरा | मर्निङ स्टार इन्जिनियरिङ | ३०००００ | १९४००० | पेश नभएको |
| गैही चौतारा हटिया मैलुङ सडक | इलाइट इन्जिनियरिङ | ५०००００ | ४०४९५३ | पेश नभएको |
| | जम्मा | | १०९८५१६ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

१७. **कर तथा शुल्क असुली** — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००० | ७८११३३.१० | ७८.११ |
| घरजग्गा वहाल कर | ५००००० | ४०५६७५.१२ | ८१.१३ |
| अन्य सेवा शुल्क तथा बिक्री | १०००००００ | ५५८८६४०.६९ | ५५.८८ |
| व्यवसाय कर | ३२५००० | ८०० | ०.२३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५००० | ३३४२१५ | १३३६.८ |
| सिफारिस दस्तुर | १५००००० | १३३२७१८.९० | ८८.८४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१८. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषिका ३१ वटा कार्यक्रममा रु.७६ लाख ८२ हजार र पशुमा २२ वटा कार्यक्रममा रु.१ लाख ७३ हजार गरी रु.७८ लाख ५५ हजार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१९.</td><td>विमा नगराएकोः सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँ भन्दा वढीको लागत अनुमान भएको योजनाको निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेटीने गरी विमा गराउनु पर्नेमा गाउँपालिकाबाट भएका निर्माण कार्यको ठेक्का कुनैमा पनि विमा गराएको पाइएन । विमा नगराउँदा जोखिम बढ्ने हुदा विमा गराउन लागत अनुमानमा विमाको व्यवस्था गरी विमा निर्माण व्यवसायीलाई विमा गराउन लगाउने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>अनुत्पादक तथा वितरणमुखी खर्च- सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्था तथा व्यक्तीको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दोर्जे सेवा समाज</td><td>सामान्य गतिविधि संचालन</td><td>३००००</td></tr>
<tr><td>२</td><td>कालिका युवा क्लब</td><td>सचालन खर्च</td><td>४५०००</td></tr>
<tr><td>३</td><td>कालिका सांस्कृतिक केन्द्र</td><td>कार्यक्रम संचालनका लागि</td><td>१००००</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय स्वतन्त्र विधार्थी युनियन</td><td></td><td>१००००</td></tr>
<tr><td>५</td><td>शिवरात्री मेला तथा माघि पर्व व्यवस्थापन</td><td>वडा नं. ८ स्थित शिवरात्री मेला तथा माघी पर्वको व्यवस्थापन गर्न</td><td>१०००००</td></tr>
<tr><td>६</td><td>वडा स्तरिय पञ्चेबाजा तथा साउण्ड सिस्टम खरिद समिति</td><td>पञ्चेबाजा तथा साउण्ड सिस्टम खरिद</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३२००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च - पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.३६०००० भुक्तानी दिएको पाईयो ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने व्यक्ती तथा संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>फोहोरमैला व्यवस्थापन समिति</td><td>वडा नं. २ र ३ मनकामना क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न ४ जनालाई मासिक रु ११००० का दरले भुक्तानी (११०००*४*४ महिना)</td><td>१७६०००</td></tr>
<tr><td>२</td><td>विभिन्न व्यक्ति तथा संस्था</td><td>आर्थिक सहायता रकम भुक्तानी</td><td>१८४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६००००</td></tr>
</table>
</td><td></td></tr>
